# त्रिभुवन विश्वविद्यालय

**Tribhuvan University**

**कानून संकाय**

**FACULTY OF LAW**

(प्रवेश परीक्षा संचालक समिति)

डीनको कार्यालय
**DEAN'S OFFICE**

मितिः २०८३।०२।२५
Date:

पत्र संख्याः-
Ref. No.
चलानी नं:-

**LL.B. तह प्रथम वर्ष (शैक्षिक सत्र ०८२/०८३) मा विद्यार्थी भर्नाका लागि लिइने प्रवेश परीक्षाको लागि परीक्षा संचालन हुने परीक्षा केन्द्र लगायत अति आवश्यक जानकारी सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय, कानून संकाय, डीनको कार्यालयबाट **शैक्षिक सत्र २०८२/०८३** का लागि संचालन हुने **तीन बर्षे स्नातक (एलएल.बी.) तहको प्रथम बर्षमा** भर्नाका लागि त्रि.वि.का आगिंक क्याम्पसहरुमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुले क्याम्पस छनौट गरी अनलाइन आवेदन फाराम भरेका देहाय बमोजिमको क्याम्पसहरुको **मिति २०८३।०२।२९ गते शुकवार दिनको १२:०० बजे देखि १:४० बजे (एक घण्टा चालिस मिनेट) सम्म** प्रवेश परीक्षा संचालनार्थ प्रवेश परीक्षाको परीक्षा केन्द्रहरु निर्धारण गरि परीक्षा सम्बन्धी अति आवश्यक जानकारी उल्लेख भएको विवरण सहितको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | अध्ययन गर्न छनौट गरेको क्याम्पसको नाम | प्रवेश परीक्षा संचालनका लागि निर्धारण गरिएको परीक्षा केन्द्रहरु | सिम्बोल नम्बर |
|---|---|---|---|
| १. | नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग काठमाडौं | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार,काठमाडौं | **८३०००१ देखि ८३१३०० सम्म** |
| | | महेन्द्र रत्न क्याम्पस, ताहाचल, काठमाडौं | **८३१३०१ देखि ८३२२०० सम्म** |
| | | पब्लिक युथ क्याम्पस, क्षेत्रपाटी, धोविचौर, काठमाडौं | **८३२२०१ देखि ८३३००५ सम्म** |
| २ | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार,काठमाडौं | सरस्वती बहुमुखी क्याम्पस, ठमेल, काठमाडौ | **८३३००६ देखि ८३३३९७ सम्म** |
| ३ | भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर | **८३३३९८ देखि ८३३९४५ सम्म** |
| ४ | सुर्खेत बहुमुखी क्याम्पस, वीरेन्द्रनगर, सुर्खेत, | सुर्खेत बहुमुखी क्याम्पस, वीरेन्द्रनगर, सुर्खेत | **८३३९४६ देखि ८३४६८८ सम्म** |
| ५ | रामस्वरुप रामसागर बहुमुखी (रा.रा.ब.) क्याम्पस, जनकपुर | रामस्वरुप रामसागर बहुमुखी (रा.रा.ब.)क्याम्पस, जनकपुर,धनुषा | **८३४६८९ देखि ८३५५५३ सम्म** |
| ६. | पृथ्वीनारायण क्याम्पस, पोखरा | पृथ्वीनारायण क्याम्पस, पोखरा | **८३५५५४ देखि ८३५९९१ सम्म** |
| ७. | महेन्द्र बहुमुखी क्याम्पस, बाँके, नेपालगंज | महेन्द्र बहुमुखी क्याम्पस, बाँके, नेपालगंज | **८३५९९२ देखि ८३६६१० सम्म** |
| ८. | महेन्द्र बहुमुखी क्याम्पस, धरान | महेन्द्र बहुमुखी क्याम्पस, धरान | **८३६६११ देखि ८३७०२८ सम्म** |
| ९. | हरिखेतान बहुमुखी क्याम्पस, विरगंज | सिमरा कलेज, सिमरा | **८३७०२९ देखि ८३७३०० सम्म** |
| १०. | डिग्री क्याम्पस, विराटनगर, मोरङ्ग | डिग्री क्याम्पस, विराटनगर, मोरङ्ग | **८३७३०१ देखि ८३७६६२ सम्म** |
| ११. | बुटवल बहुमुखी क्याम्पस, रुपन्देही, बुटवल | बुटवल बहुमुखी क्याम्पस, रुपन्देही, बुटवल | **८३७६६३ देखि ८३८२१५ सम्म** |
| १२. | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज | जे.एस.मुरारका बहुमुखी क्याम्पस, लाहान,सिराहा | **८३८२१६ देखि ८३८६१२ सम्म** |

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय
FACULTY OF LAW
(प्रवेश परीक्षा संचालन समिति)

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्याः-
Ref. No.
चलानी नंः-

मितिः २०८३।०२।२५
Date:

द्रष्टव्य :

❖ परीक्षार्थीले प्रवेशपत्र **Download** गर्दा देहाय बमोजिमको कुरामा ध्यान दिनुपर्नेछ :

1. Visit the website www.fol.edu.np
2. Click on Online Application (LL.B.)
3. Click on Check your status/Print Admit Card.
4. Fill up the form as shown.
5. Click on download option.
6. You will receive Admit card.

**If Users find restriction while downloading, please follow the Add-on Instructions:**

1. On your computer, open Chrome.
2. At the top right, click more settings.
3. Click privacy and security, Third-Party Cookies.
4. Select an option: ALLOW Third-Party Cookies.

**If Users find restriction while downloading, Use MOBILE PHONE as alternative.**

## परीक्षार्थीले परीक्षा दिँदा अनिवार्य पालना गर्नुपर्ने नियमहरु :

- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु **(Mobile Phone, Calculator, Bluetooth, I-Pad, Tablet PC, Earphones, Smart Watch)** जस्ता कुनै पनि **Electronic / Digital** उपकरणहरु ल्याउन पाउने छैन, यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर तत्काल कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- परीक्षार्थीले उत्तरपुस्तिकामा रेजा ✓ (Tick) चिन्ह लगाउनु अगाडि उत्तरपुस्तिका र प्रश्नपत्रमा उल्लेखित SET रुजु गरेर मात्र रेजा ✓ (Tick) लगाउनुपर्नेछ । प्रश्नपत्रमा उल्लेखित SET बाहेकको उत्तरपुस्तिकाको अन्य SET मा रेजा ✓ (Tick) लगाएमा विद्यार्थी स्वयं जवाफदेही हुनेछ ।
- उत्तरपुस्तिकामा आफ्नो सिम्बोल नं.स्पष्ट बुझिने गरी अंक र अक्षरमा लेख्नुपर्नेछ । सिम्बोल नं. नलेखिएको वा नबुझिने गरी लेखिएको उत्तरपुस्तिका परीक्षण गरिने छैन । साथै उत्तरपुस्तिकामा परीक्षार्थीले हस्ताक्षर अनिवार्य गर्नुपर्नेछ ।

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np

# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE


पत्र संख्या:-
Ref. No.
चलानी नं:-

मिति: २०८३।०२।२५
Date:

(प्रवेश परीक्षा संचालन समिति)

- परीक्षार्थीहरुले प्रवेश पत्र प्रिन्ट गरी परीक्षा केन्द्रमा लिएर जानुपर्नेछ । परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्रका साथ अन्य **कुनै परिचय खुल्ने नेपाल सरकारबाट जारि भएको सक्कल कागजात (नागरिकता, ड्राईभिङ लाइसेन्स, मतदाता परिचयपत्र तथा राष्ट्रिय पचियपत्र) अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ** । प्रवेश पत्र र परिचयपत्र विना परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।
- परीक्षार्थीहरुले उत्तरपुस्तिकामा अनिवार्य **कालो मसी मात्र (BLACK INK ONLY)** प्रयोग गर्नु पर्नेछ। **कालो मसी** बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम (Pencil) प्रयोग गरेको पाईएमा त्यस्तो उत्तरपुस्तिका स्वत रद्द हुनेछ ।
- वस्तुगत उत्तरपुस्तिकामा तोकिएको कोष्ठ भित्र ✓ (Tick) लगाउनुपर्नेछ । ✓ (Tick) बाहेक अन्य चिन्ह प्रयोग गरेको पाईएमा उक्त उत्तरपुस्तिका परीक्षण गरिने छैन ।
- परीक्षा शुरु भएको **आधा घण्टा** पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको **एक घण्टा तीस मिनेट पछि मात्र परीक्षा हल छाड्न** पाउनेछन् ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन । यदि हेरफेर गरेको पाइएमा केन्द्राध्यक्षले त्यस्तो परीक्षार्थीलाई तत्काल परीक्षाहलबाट निष्काशन गर्न सक्नेछ ।

<u>पुनश्च:</u>

- *आवेदकहरु **पृथ्वी शाह, नगेन्द्र साह, मनिषा भारती, निम बुढाथोकी, तुल्सी भण्डारी, आरती विश्वकर्मा, कृष्ण जंग शाह,र पुष्कर रोकाया समेत जना ८ ले दुई वटा कलेजमा अध्ययन गर्नका लागि अनलाइन आवेदन फाराम भरेको रेकर्डबाट देखिएकोल एउटा कलेज कायम गरि अन्य कलेजको रद्द गरिएको छ ।***
- ***यस संकायको एलएल.बी. प्रवेश परीक्षाका लागि दस्तुर दाखिला गरि अनलाईन आवेदन फाराम भर्दा दुई पटक भन्दा बढी रकम बुझाएका आवेदकहरुको दस्तुर प्रवेश परीक्षाको नतिजा प्रकाशन भए पश्चात् नियमानुसार फिर्ता गरिने भएकोले सो को लागि निवेदन र रकम जम्मा गरेको भाउचरहरु ,रकम जम्मा हुने बैकको विस्तृत विवरण खुल्ने चेकको फोटोकपी राखी account @fol.tu.edu.np मार्फत पेश गर्न हुन व्यहोरा समेत सम्बन्धितमा सूचित गरिन्छ ।***

डा.नेवल चौधरी
सहायक डीन एवं संयोजक
प्रवेश परीक्षा संचालन समिति


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np